बुद्धभूमि नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
बुड्ढी कपिलवस्तु

प.सं.०७५।०७६
सूचना नं. ०७५/०७६-०५ कृषि

मिति :२०७५/०६/१४

विषय:युवा लक्षित कार्यक्रमको सुचना सम्बन्धमा ।

प्रथम पटक प्रकाशित मिति २०७५/०६/१५

उपरोक्त सम्बन्धमा यस बुद्धभूमी नगरपालिकाको आ.व.२०७५/२०७६ को नगरसभाबाट बिनियोजित कृषि कार्यक्रम संचालन तर्फको रकम मध्येबाट संचालन गर्नुपर्ने युवा लक्षित अनुदान कार्यक्रम प्रथम चौमासिकमा संचालन गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तको अधिनमा रही यस बुद्धभुमि नगरपालिकाको दश वटै वार्डमा रहेका कृषकहरुले युवा लक्षित कार्यक्रम संचालन गर्नको लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बुद्धभुमी नगरपालिकाको कृषि विकास शाखामा शाखाद्वारा तयार पारीएको फर्मेट भरी सुचित समयभित्र सो कार्यकममा भाग लिने इच्छुक कृषकहरुले भाग लिनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**कार्यकममा भाग लिने आधारहरु**

१) तरकारी खेती तर्फ कम्तिमा ५ कठ्ठा २ सिजन गर्नुपर्ने ।(हिउँदे वा बसन्ते ५, वर्षे ५ गरी १० कठ्ठा)

२) खद्यान्न, दलहन तथा तेलहन बाली तर्फ कम्तिमा १५ कठ्ठा एकै प्लटमा हुनुपर्ने

३) मौरीपालन तर्फ कम्तिमा १० वटा आधुनिक घारमा मौरीपालन गरेको हुनुपर्ने

४) च्याउ खेती तर्फ कम्तिमा ५×१० मिटरको टहरमा च्याउ खेती गरेको हुनुपर्ने

५) नर्सरी तर्फ कम्तिमा एक/एक कठ्ठाको नर्सरी व्याड दुई सिजन मा हुनुपर्ने

६) अन्य कुनै विशेष बाली वा प्रविधिमा नगरपालिकाको निर्देशनमा हुनेछ ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१) आवेदकको नागरिकताको फोटोकपि १ प्रति

२) जग्गाको लालपूर्जा वा भाग लिने बस्तु वा भौतिक संरचनाको फोटो कम्तिमा १ थान

३) भाडाको जग्गा भए भाडामा लिएको भए सो को प्रमाण प्रतिलिपि १ थान

४) सम्बन्धित वार्डको सिफारिस

५) यस कृषि विकास शाखाबाट तयार पारेको फर्मेट अनुसारको विवरण थान एक

६) आवेदकको निवेदनमा १० रुपियाँको टिकट टाँस गरेको हुनुपर्ने

नोट : यस बुद्धभुमि नगरपालिकाको कृषि विकास शाखाबाट गत वर्ष कुनै किसिमको कार्यक्रम वा अनुदान प्राप्त गरेको भए यस कार्यक्रममा समावेश गराउन बाध्य हुनेछैन ।

प्रसाद चौधरी
कृषि प्रसार अधिकृत